# तिलोत्तमा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## मणिग्राम, रूपन्देही

### सम्पत्ति तथा जिन्सी मालसामान लिलाम बिक्रीको लागि बोलपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८३।०२।०५

यस कार्यालयमा मौज्दातमा रहेका लिलाम बिक्री गर्नुपर्ने सम्पत्ति तथा जिन्सी मालसामान जे जस्तो अवस्थामा छन् सोही अवस्थामा बोलपत्रको माध्यमद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म,संस्था वा कम्पनीले देहायका सर्तहरूको अधीनमा रही बोलपत्र पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

१. इच्छुक बोलपत्रदाताहरूले तिलोत्तमा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मणिग्राम, रूपन्देहीको जिन्सी उपशाखावाट आवश्यक जानकारी हासिल गर्न वा बोलपत्र सम्बन्धी कागजात हेर्न तथा खरिद गर्न सक्नेछन् ।

२. इच्छुक बोलपत्रदाताले २०८३।०२।१९ गतेसम्म कार्यालय समयभित्र फिर्ता नहुने गरी रु. १०००।-(अक्षरेपी एक हजार रुपैयाँ मात्र) एनआईसी एसिया बैङ्क,मणिग्रामस्थित यस कार्यालयको कार्यालय कोड,राजस्व खाता नं. (ग-१-१) १०५२०५५४९९५९९०१२मा जम्मा गरी सकल राजस्व दाखिला भौचरसहित बोलपत्रदाताको फर्मदर्ता प्रमाणपत्र, आर्थिक वर्ष २०८१।८२ को कर चुक्ता प्रमाणपत्र तथा इच्छुक व्यक्ति भएमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरू संलग्न राखी बोलपत्र फाराम खरिदको लागि निवेदन पेस गर्नुपर्नेछ ।

३. बोलपत्र प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन अर्थात मिति २०८३।०२।२० गते दिनको १२ बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नुपर्नेछ ।

४. कार्यालयमा दर्ता भएका बोलपत्रहरु १६ औं दिन अर्थात मिति २०८३।०२।२० गते दिनको १ बजे उपस्थित भएका बोलपत्रदाता वा निजको प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएको कारणले मात्र बोलपत्र खोल्न बाधा पर्ने छैन।

५. लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामान हेर्न चाहने बोलपत्रदाताले कार्यालय समयभित्र जिन्सी उपशाखामा सम्पर्क राख्नु पर्नेछ ।

६. बोलपत्रदाताले बोलपत्र साथ जमानत वापत आफूले कबोल गरेको दररेट अनुसारले हुन आउने कुल रकमको दश प्रतिशत रकम तिलोत्तमा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, मणिग्राम, रूपन्देहीको एन आइ सि बैङ्क,मणिग्राममा रहेको धरौटी खाता नं. A5CA549959952403 मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा यस कार्यालयको नाममा जारी भएको कम्तीमा नब्बे दिन म्याद भएको बैंक जमानत (विड वण्ड) पेस गर्नु पर्नेछ ।

७. बोलपत्र स्वीकृत गर्दा सबैभन्दा अधिकतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही बोलपत्रलाई स्वीकृत गरिनेछ।

८. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने अन्तिम दिन बिदा परेको खण्डमा त्यसको लगत्तै कार्यालय खुलेको दिन बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन मानिनेछ ।

९. लिलाम बिक्री हुने सम्पत्ति तथा जिन्सी मालसामानको न्यूनतम कायम मूल्य रु ७७६८९४।- (अक्षरेपी सात लाख छयत्तर हजार आठ सय चौरानब्बे रूपैयाँ मात्र) रहेको छ ।

प्रमुख प्रशासकीय अधिकृत